ISO 9001 : 2015 Certified Capital

ICRA RATING:
AMC Quality 3

# प्रेस विज्ञप्ति

## श्रावण ४, २०७८

## एन आई सी एशिया क्यापिटलको आ.व. २०७७/०७८ को प्रगति विवरण सार्वजनिक ।

संचालनमा आएको छोटो समयमानै मर्चेण्ट बैंकिङ्ग क्षेत्रमा सफल मर्चेट बैंकरको रुपमा आफ्नो नाम स्थापित गर्न सफल भएको छ । मर्चेण्ट बैंकिङ्ग व्यवसायमा तिब्र प्रतिशप्रधा रहनु तथा कोरोना महामारीका कारण सिर्जित असहज अवस्था, अर्थतन्त्रमा आएको अस्थिरता, आर्थिक गतिविधिमा आएको कमी जस्ता विषम परिस्थितिका बाबजुद पनि क्यापिटलले आ.व. २०७७/०७८ मा क्यापिटलको समग्र व्यवसायमा उत्साहजनक बृद्धि गरेको छ ।

आ.व. २०७७/०७८ को अन्त्य सम्म क्यापिटलले एन आई सी एशिया बैंक म्युचुअल फण्ड अन्तर्गत चार वटा योजनाहरु संचालन गरिरहेको छ । जस अन्तर्गत तीनवटा बन्दमुखी योजनाहरु "एन आई सी एशिया ग्रोथ फण्ड", "एन आई सी एशिया ब्यालेन्सड् फण्ड" र एन आई सी एशिया सेलेक्ट-३० इन्डेक्स फण्ड तथा एउटा खुलामुखी योजना "एन आई सी एशिया डाईनामिक डेप्ट फण्ड" संचालन गरिरहेको छ । पाँचौ रु.१ अर्व बराबरको बन्दमुखी योजना "एन आई सी एशिया फेलेक्सी क्याप फण्ड नेपाल धितोपत्र बोर्डमा स्वीकृतिको लागि निवेदन पेश गरेको छ । "एन आई सी एशिया ग्रोथ फण्ड" तथा "एन आई सी एशिया ब्यालेन्सड् फण्ड"ले संचालनमा आएको पहिलो वर्ष देखि नै नगद लाभाशं वितरण गर्न सफल भएको छ । ग्रोथ फण्डले पहिलो वर्ष १० प्रतिशत र दोश्रो वर्ष १२ प्रतिशत गरी हाल सम्म २२ प्रतिशत लाभाशं वितरण गरिसकेको छ भने ब्यालेन्सड् फण्डले संचालनमा आएको पहिलो वर्षको आठ महिनाको अवधिमै ८ प्रतिशत नगद लाभाशं वितरण गर्न सफल भएको छ । उक्त लाभाशं वितरण पश्चात् समेत आ.व. २०७७/७८ को अन्तमा "एन आई सी एशिया ग्रोथ फण्ड" को खुद सम्पत्ति मूल्य (NAV) १८.७२ र "एन आई सी एशिया ब्यालेन्सड् फण्ड" को खुद सम्पत्ति मूल्य (NAV) १७.२७ तथा पहिलो खुलामुखी योजना "एन आई सी एशिया डाईनामिक डेप्ट फण्ड" को खुद सम्पत्ति मूल्य (NAV) ११.२६ कायम गर्न सफल भएको छ ।

क्यापिटलले आ.व. २०७७/०७८ मा लगानी व्यवस्थापन सेवा अन्तर्गत "मेरो लगानी, मेरो भविष्य" भन्ने मूल नाराका साथ ग्राहकमुखी नवीनतम् विभिन्न योजनाहरु संचालन गरी ४५६ जना ग्राहकहरुबाट रु.१ एक अर्व १२ करोड भन्दा बढी रकम संकलन गरी लगानी व्यवस्थापन सेवा उपलब्ध गराएको छ । हालको बजार मुल्यको आधारमा गणना गर्दा उक्त रकम रु.१ अर्व ५७ करोड भन्दा बढी रहेको छ । जुन गत वर्षको सोही अवधीको तुलनामा १५६ प्रतिशतले बृद्धि हो । क्यापिटलले लगानी व्यवस्थापन सेवा अन्तर्गत Income Guaranteed Fund, Priority Services, Share clinic जस्ता विशेष योजनाहरु संचालन गरिरहेको छ । जुन सेवा अनलाईन मार्फत समेत लिन सकिन्छ ।

क्यापिटलले निक्षेप सदस्य सेवा अन्तर्गत देशको सम्पूर्ण भू-भागमा बसोबास गर्ने आम जनतामाझ डिम्याट खाताको पहुँच सहज र सर्वसुलभ तरिकाबाट पुऱ्याउने मुख्य उद्देश्यका साथ विगतका वर्ष देखि नै "एक नेपाली, एक डिम्याट खाता" अभियान संचालन गरिरहेको छ । क्यापिटलले "एक नेपाली, एक डिम्याट खाता" अभियानलाई सहज र सर्वसुलभ रुपमा आम जनता माझ पुऱ्याउन एन आई सी एशिया बैंक लिमिटेडको देशभर छरिएर रहेका ३६० शाखा कार्यालयहरू तथा ७० वटा विस्तारित काउण्टरबाट समेत डिम्याट खाता खोल्ने, शेयरको अभौतिकीकरण गर्ने लगायतका निक्षेप सदस्यबाट प्रदान गरिने सम्पूर्ण सेवाहरु सहजै रुपमा उपलब्ध गराउने व्यवस्था मिलाएको छ । समिक्षा अवधिमा डिम्याट खाता खोल्दा लामो समय लाग्ने र उपत्यका बाहिरबाट डिम्याट खाता खोल्न निकै असहज भईरहेको भन्ने जनगुनासो सम्बोधन गर्न नेपालको जुनसुकै भू-भागबाट समेत अनलाईन मार्फत डिम्याट खाता खोल्ने ग्राहकहरुलाई १ घण्टा भित्र नि:शुल्क डिम्याट खाता उपलब्ध गराउने व्यवस्था मिलाएको छ । क्यापिटलले आ.व. २०७७/०७८ को अन्त्य सम्ममा ४ लाख ७ हजारभन्दा बढी डिम्याट खाता खोली डिम्याट खाता संख्याको आधारमा नम्बर १ कम्पनी बन्न सफल भएको छ । क्यापिटलले समग्र बजारको १०.८३ प्रतिशत हिस्सा ओगटन सफल भएको छ । हाल क्यापिटलले एक नेपाली, एक डिम्याट खाता अभियानको साथै, ४ वर्षको नविकरण शुल्क भुक्तानी गर्दा ५ वर्षसम्म डिम्याट खाता नविकरण हुने, रु.२,५०० एकमुष्ट भुक्तानी गर्दा लाईफटाईम डिम्याट खाता नविकरण हुने, अनलाईन मार्फत डिम्याट खाता खोल्दा १ घण्टा भित्र नि:शुल्क डिम्याट खाता उपलब्ध गराउने लगायतका योजनाहरु संचालन गरिरहेका छ ।

समिक्षा अवधिमा क्यापिटलले संस्थागत परामर्श सेवा अन्तर्गत SME's अर्थात साना तथा मझौला उद्यमीहरुलाई कोरोनाबाट पर्न गएको असरलाई न्युनीकरण गरी उनिहरुको व्यवसायलाई पुनरुद्धार गर्नको लागि "Covid Revival Strategy" नामक संस्थागत परामर्श सेवा प्रदान गर्दै आई रहेको छ । उक्त सेवा अन्तर्गत Resilient Business Plan, Business Re-modeling & Reengineering, Valuation, APT Market Research Services, Cash Vs Profit Strategy, Capital

१ नेपाली एक DEMAT

मेरो लगानी, मेरो भविष्य

Budgeting, Favorable Loan and Financing Assistance & Other Tailormade Corporate Advisory Services जस्ता सेवाहरु प्रदान गरेको छ ।

क्यापिटलले मर्चेण्ट बैंकिङ्ग सेवा अन्तर्गत आ.व. २०७७/७८ को अन्त्य सम्ममा १० वटा कम्पनीको शेयर रजिष्ट्रार सम्बन्धी सेवा प्रदान गर्दै आइरहेको छ । निष्कशन तथा बिक्री प्रबन्ध सेवा अन्तर्गत हाल सम्म ७ वटा कम्पनीको प्राथमिक शेयर निष्काशन, ४ वटा कम्पनीको हकप्रद शेयर निष्काशन र १५ वटा कम्पनीको बोलकबोल मार्फत शेयर बिक्री गर्ने कार्य सम्पन्न गरेको छ ।

क्यापिटलले आ.व. २०७७/७८ को अपरिष्कृत वित्तीय विवरण अनुसार क्यापिटलले १० करोड ८१ लाख खुद मुनाफा आर्जन गरी प्रति शेयर आम्दानी रु.५४.०५ कायम गर्न सफल भएको छ । जुन गत वर्षको सोही अवधिको तुलनामा १५१.७५ प्रतिशतले बढी हो ।

समिक्षा अवधिमा विश्वव्यापी माहमारीको रुपमा फैलिएको नोवेल कोरोना भाइरसको पहिलो तथा दोश्रो लहरको संक्रमण देशव्यापी रुपमा फैलिरहेको थियो । उक्त महामारी तथा सोही प्रकृतिका अन्य महामारीको अवस्थामा क्यापिटलबाट प्रवाह हुने सेवालाई नियमित रुपमा संचालन गरी ग्राहकहरुलाई नीजहरुको आवश्यकता र चाहना अनुसारको सेवा उपलब्ध गराउनको लागि क्यापिटलबाट प्रदान गरिने सम्पूर्ण सेवालाई डिजिटलाईज गरी अनलाईन मार्फत सहज र सर्वसुलभ रुपमा सेवा प्रवाह गर्न मिल्ने व्यवस्था मिलाएको छ । सोही अनुरुप क्यापिटलले डिम्याट खाता र मेरो शेयर खाता खोल्न, नविकरण गर्ने, खुलामुखी योजनाको इकाईको खरिद पूनखरिद तथा लगानी व्यवस्थापन सेवा समेत अनलाईन मार्फत गर्न सकिने व्यवस्था मिलाएको छ । साथै आगामी दिनमा लगानी व्यवस्थापन सेवा, संस्थागत परामर्श सेवा, खुलामुखी योजनाको इकाईको खरिद बिक्री लगायतका क्यापिटलबाट प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई डिजिटलाईज रुपमा उपत्यका बाहिरबाट समेत अनलाईन मार्फत गर्दै लैजाने रणनीति लिएको छ ।

समिक्षा अवधिमा क्यापिटलबाट सेवा लिने ग्राहकहरुको संख्या बढेसंगै क्यापिटलबाट प्रदान गरिने सेवालाई छिटो छरितो बनाई ग्राहकको आवश्यकता र चाहना अनुसार सेवा उपलब्ध गराउने मुख्य उद्देश्यका साथ काठमाण्डौ उपत्यका भित्र किर्तिपुर, चावहिल र अनामनगर काठमाण्डौमा शाखा कार्यालय खोली क्यापिटलको सेवा विस्तार गरेको छ । साथै निकट भविष्यमा काठमाण्डौ उपत्यका बाहिरबाट समेत शाखा कार्यालय खोली क्यापिटलको सेवा विस्तार गर्ने रणनीति लिएको छ ।

NIC ASIA CAPITAL

रमेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत